REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs. Date: 03.09.2025

## पूर्वोत्तर उड्डयन शिखर सम्मेलन

तेस्रो पूर्वोत्तर उड्डयन शिखर सम्मेलन भोलि ईटानगरमा आयोजित गरिनेछ। नागरिक उड्डयनबारे पूर्वोत्तर क्षेत्रका मन्त्रीहरूको यो सम्मेलन हो।

सबै पूर्वोत्तर राज्यहरूका नागरिक उड्डयन मन्त्री नीति निर्माता तथा उद्योग जगतका प्रमुखहरूसे यस सम्मेलनमा भाग लिनेछन् अनि क्षेत्रीय संपर्कलाई बढ़ावा दिन साथै क्षेत्रको विमानन क्षमतालाई उजागर पार्ने रणनीतिहरूबारे विचार विमर्श गर्नेछन्। यस अवसरमा केन्द्रिय नागरिक उड्डयन मन्त्री राममोहन नायडू किजरापु अनि नागरिक उड्डयन राज्य मन्त्री मुरलीधर मोहोन पनि उपस्थित रहनुहुनेछ।

यस सम्मेलनमा वर्तमान अनि नयाँ हवाई अड्डाहरूको विस्तारको योजना साथै हेलीकप्टर सेवाहरू साना विमानहरू सामान्य उड्डयन, समुद्री विमानहरू, ड्रोनहरू अनि त्यसको हेरचाह मरमत आदि गतिविधिहरूलाई बढ़ावा दिनबारे छलफल हुने अपेक्षाछ।

यो कार्यक्रम नागरिक उड्डयन मन्त्रालय र भारतीय वाणिज्य एवम् उद्योग महासंघ FICCI द्वारा अरूणाचल प्रदेश सरकारको सहयोगबाट संयुक्त रूपले आयोजित गरिन्दैछ।

## त्रिलोक सुब्बा प्रदीप मुखिया स्वर्ण पदक

ओड़ीशाको कटकमा भएको Senior राष्ट्रीय Taekwondo च्याम्पियनशीपको अन्तिम दिनमा हिजो सिक्किमका लागि 60 वर्ष मुनिको पुरूष टीम पुम्से प्रतियोगितामा

ग्रान्ड मास्टर राजेन सुब्बाले मास्टर राजेन सुब्बा र प्रदीप मुखियाका साथ थप सर्वण पदक जीते।

Seniors Championship India Teakwondo द्वारा आयोजना गरिएको थियो जुन विश्व Taekwondo भारतीय ओलम्पिक संघसंग समबद्धह र भारत सरकारको खेलकूद तथा युवा मामिला मन्त्रालय  द्वारा मान्यता प्राप्त छ।

त्रिलोक सुब्बाले राष्ट्रिय Championship मा यो उनको चौबीसौं स्वर्ण पदक हो भनेका छन्। नियमित अभ्यास र बलियो इच्छाशक्ति स्वर्ण पदक जित्नुको रहस्य हो, सुब्बाले बताए।

माई भारत गेजिङः कार्यशाला

माई भारत गेंजिङले आई टी आई गेंजिङको सहकार्यमा हिजो प्रमुख योजनाहरूबारे एक सफल कार्यशाला आयोजन गर्यो। यस आकर्षक सत्रमा आईटीआई गेजिङका उत्साही प्रशिक्षार्थीहरूले भाग लिए तथा युवाहरू माझ प्रमुख सरकारी पहलहरूबारे जागरूकता र बुझाईलाई बढ़ावा दिइयो।

AAP 2025-26 पहल अन्तर्गत -शुरू गरिएको यो कार्यशाला स्वच्छ भारत मिशन (शहरी अनि ग्रामीण) मा केन्द्रित थियो।

यो कार्यक्रम राष्ट्र निर्माणमा युवाहरूको सहभागितालाई प्रोत्साहित गर्ने लोकतान्त्रिक जागरूकतालाई बढ़ावा दिने र युवा नेताहरूलाई देशको प्रगतिमा योगदान गर्ने आत्मविश्वासका साथ सशक्त बनाउने दिशामा एक महत्वपूर्ण कदम थियो।

## लेप्चा आपदा प्रबन्धन बैठक गान्तोक

पूर्वतयारी उपायहरूको समीक्षा गर्न र आपातकालीन प्रतिक्रिया सयन्त्रहरूलाई सुदृढ़ पार्न अतिरिक्त राजनीतक सचिव छिरिङ वांङचुक लेप्चाले आज आपदा प्रबन्धन सहायक पर्यवेक्षक र संयोजकहरू संग बैठक बोलाउनु भयो।

हाल, गान्तोक जिल्लामा कुल 17 जना द्रुत प्रतिक्रिया टोली सदस्यहरू छन् जो आपातकालीन परिस्थितिहरूका लागि तयारीमा रहने गर्छन्।

## पाकिम - आगलागी काबूमा

अग्निशमन तथा आपातकालीन सेवा पाकिमले आज पाकिम बजारको एउटा प्रथम तल्ले भवनमा लागेको आगलागी घटनामाथि त्वरित प्रतिक्रिया गर्दै आगो निभाए जसले गर्दा ठूलो आगलागीको घटना हुनबाट जोगियो।

## मंगन जिल्ला NCORD समिति बैठक

मंगन जिल्लाका लागि NCORD बैठक आज जिल्ला प्रशासनिक केन्द्रमा आयोजना गरिएको थियो। मंगनका अतिरिक्त जिल्लापाल पेमा वाङचेन नामकर्पाले बैठकको अध्यक्षता गर्नुभएको थियो। उहाँले राज्य सरकारले राज्यमा लागू औषध र लागू पदार्थ दुरूपयोग साथै अवैध ओसार- प्रसार नियन्त्रण गर्न कड़ा कदम चालेकोबारे जोड़ दिदैं भन्नुभयो। चुनौतिको सामना गर्न सबै संबधित विभागहरू साथै सबै छ जिल्लाका जिल्लापालहरूलाई विशेष उपायहरू अपनाउन निर्देशन जारी गरियो।

बैठकले सरकारी कर्मचारीहरूमा लागू पदार्थ र लागू पदार्थको दुरूपयोगको मुद्दामा कड़ा निगरानीको आवश्यकतातर्फ पनि समितिको ध्यानाकर्षण गराएको थियो।

गल्फ उत्तरी सिक्किम हिमनदी तालहरू मूल्यांक सम्पन्न

वैज्ञानिकहरूको बहु- अनुशासनात्मक टोलीले उत्तरी सिक्किममा हिमनदी तालहरूको स्थिरताको मूल्याँकन गर्न, एक साता लामो अभियान सम्पन्न गरेकोछ जुन यस क्षेत्रमा हालका बाढ़िका घटनाहरू भएका देखि उच्च निगरानी रहेका छन्।

टोलीले दक्षिण ल्होनाक, चाङसा र युलेह खाँङसे तालहरूमा क्षेत्रीय अध्ययनहरू संचालन गर्यो।

अधिकारीहरूले उल्लेख गरे, यो कार्य हिमालयमा जलवायु संचालित खतराहरू विरूद्ध लचीलोपन निर्माण गर्ने व्यापक राष्ट्रीय रणनीतिको एक भाग हो। सिक्किमका पहाड़ी समुदाय र पूर्वधारका लागि हिमनदी ताल विस्फोटले आएको बाढ़ि एक ठूलो खतरा भएको सन्दर्भमा यो तथ्याँङले पूर्व चेतावनी प्रणाली र दीर्घकालीन न्यूनीकरण उपायहरूलाई सुदृढ़ पार्न योगदान पुर्याउनेछ।